# २५६९औ बुद्ध जयन्ती तथा लुम्बिनी दिवस समारोह

## प्रेस विज्ञप्ती

**पत्रकार मित्रहरु , प्रमुख अतिथि, अतिथि ज्यूहरु**

**नमो बुद्धायः २५६९ बुद्ध जयन्तीको अवसरमा सबै मैत्रि, करुणा भावका साथ मंगल कामना ।**

सर्वप्रथम २५६९औं बुद्धजयन्ती एंवम् लुम्बिनी दिवस २०८२ को अवसरमा पत्रकार सम्मेलनमा पाल्नुभएका सम्पूर्ण पत्रकार महानुभावहरुलाई लुम्बिनी विकास कोषको तर्फबाट हार्दिक स्वागत गर्दछौं ।

२५६९औं बुद्धजयन्ती एवं लुम्बिनी दिवसलाई यही बैषाख २८, २९ र ३० गतेका दिन उत्सवका रुपमा मनाउन गइरहेको जानकारी गराउन पाउदा हामीलाई खुशी लागेको छं । भगवान गौतम बुद्धको आजभन्दा २६४९ बर्ष अघि ई.पू.६२३ मा लुम्बिनीको सुन्दर र पवित्र बगैचामा मायादेवीको कोखबाट बैशाख शुक्लपूर्णिमाका दिन जन्म भएको थियो । बुद्धको जन्म, वोधिज्ञान प्राप्ति र महापरिनिर्वाणको त्रियोग परेको दिन अर्थात वैशाख पूर्णिमाको दिनलाई लुम्बिनी विकास कोषले बिशेष महत्वका साथ मनाउँदै आएको छ र यसैदिन लुम्बिनी दिवसका रुपमा समेत मनाउने गरिएको छ ।

२५६९औं बुद्धजयन्ती एवम् लुम्बिनी दिवस सम्पन्न गर्न संस्कृती पर्यटन तथा नागरिक उडडन मन्त्री तथा लुम्बिनी विकास कोषका अध्यक्ष बद्रीप्रसाद पाण्डेको संयोजकत्वमा ५६९ सदस्यीय मुल आयोजक समिति गठन भएको छ भने अन्य समितिहरुमा ३० सदस्यीय सल्लाहकार समिति, कोषका उपाध्यक्ष एब. संविधान सभा सदस्य डा. ल्हारक्याल लामा ( खेन्पो छिमे छिरिङ) ज्यूको संयोजकत्वमा मूल व्यवस्थापन समिति एवं पूजा, परित्राण तथा माणी मोलम व्यवस्था उपसमिति, कोषाध्यक्ष ढुण्डिराज भट्टराईको संयोजकत्वमा प्रचार प्रसार र रामग्राम देवदह समन्वय उपसमिति, सदस्य सचिव सानुराजा शाक्यको संयोजकत्वमा सुरक्षा ब्यावस्था तथा स्वयम् सेवक ब्यावस्था उपसमिति, कार्यकारी सदस्य श्याम मिझारको संयोजकत्वमा अतिथी सत्कार, आवास तथा यातायात ब्यावस्था उपसमिति, परिषद सदस्य गापीकृष्ण शर्माको संयोजकत्वमा कपिलवस्तु समन्वय उपसमिति, कार्यकारी सदस्य बिश्वराज पौडेलको संयोजकत्वमा शोभायात्रा, प्रसाद बितरण तथा भोजन ब्यावस्थापन उपसमिति, योजना प्रमुख स्मिता भट्टको संयोजकत्वमा मायादेवी मन्दिर, मञ्च

साजसज्जा तथा सरसफाई ब्यावस्था उपसमिति र बरिष्ठ निर्देशक ज्ञानिन राईको संयोजकत्वमा प्रकाशन बितरण तथा कार्यक्रम ब्यावस्था उपसमिति गठन गरी कामहरु भैरहेका छन ।

बैशाष २९ गते सम्माननीय प्रधानमन्त्री श्री खड्गप्रसाद ओलीज्यूको प्रमुख आतिथ्यतामा अन्तर्राष्ट्रिय बौद्ध सम्मेलन तथा ध्यान केन्द्रमा '२५६९ औं बुद्धजयन्ती एवम् लुम्बिनी दिवस' बिशेष समारोह हुनेछ । बिशेष समारोहमा लुम्बिनी विकास कोषका अध्यक्ष एंव संस्कृती पर्यटन तथा नागरिक उडडयन मन्त्री श्री बद्रीप्रसाद पाण्डे सहित संघिय तथा प्रदेश मन्त्रीज्युहरु, लुम्बिनी प्रदेशका प्रदेश प्रमुखज्यू, मुख्यमन्त्रीज्यू, प्रतिनिधिसभा, प्रदेशसभाका माननीय सदस्यज्यूहरु सहित उच्चस्तरीय पदाधिकारीज्यूहरु, कुटनितिक नियोगका प्रतिनिधिज्यूहरुका साथै थुप्रै विदेशी पाहुनाहरुको समेत सहभागिता रहनेछ ।

बैशाष २८गते साँझ मायादेवी मन्दिर परिसरमा अहोरात्र महापरित्राण पाठ हुने छ भने बैशाष २९ गते विहान ६ बजेदेखि भिक्षु-भिक्षुणी, लामा गूरुहरु तथा उपासक उपासिकाहरुको सहभागितामा प्रार्थना सभा, विहान साँढे ७ बजे ५ नम्बर गेटबाट शोभायात्रा हुने छ । यसका साथै बृहत्तर लुम्बिनी क्षेत्र अन्तर्गत अस्तीधातु रहेको रामग्राम, प्राचिन तिलौराकोट दरबार, कुदान, देवदहमा पनि बुद्धजयन्तीका अवसरमा कोष र स्थानीय तहहरुसगको समन्वयमा विविध कार्यक्रम गरेर मनाइँदैछ । यसै अवसरमा बृहत्तर लुम्बिनी क्षेत्रमा सरसफाई कार्यक्रम, दीप प्रज्वलन, खेलकुद प्रतियोगिता, आँखा शिविर, रक्तदान कार्यक्रम, नाट्य प्रस्तुति, शान्ति ध्यान, प्रशुति उत्सव लगायतका कार्यक्रमहरु आयोजना गरिने छ । भगवान बुद्धको ज्ञानको महत्व दर्शाउनका लागि देवदह नगरपालिका, रामग्राम नगरपालिका, कपिलबस्तु नगरपालिका सहित बृहत्तर लुम्बिनी क्षेत्रका जिल्लाबासीहरुलाई बुद्धजयन्तीका अवसरमा दीप प्रज्ववलन गर्न यसै पत्रकार सम्मेलन मार्फत अपिल समेत गर्दछौं । बुद्धजयन्तीको भोलीपल्ट बैशाख ३० गते बर्षेनी हुँदै आएको बोधिसत्व सिद्धार्थको शोभायात्रा गते हुनेछ । लुम्बिनीबाट नवजात शिशु राजकुमार सिद्धार्थलाई कपिलवस्तुको तिलौराकोट लगिने कार्यक्रम रहेको छ । लुम्बिनीबाट कपिलबस्तुसम्म मायादेवी मार्ग हुँदै बुद्धकालिन अवस्थाको झल्को दिने गरि शोभायात्रा गरिनेछ ।

**ढुण्डिराज भटराई**
**कोषाध्यक्ष तथा संयोजक, प्रचार प्रसार उपसमिति**
**मिति : २०८२/०१/२७ गते शनिवार**

**२५६९औ बुद्ध जयन्ती तथा लुम्बिनी दिवस समारोह**

**कार्यक्रम तालिका मितिः २८,२९ र ३०**

**पवित्र उद्यान लुम्बिनी**

| मिति | कार्यक्रम | समय र स्थान |
| --- | --- | --- |
| २०८२।०१।२७ | पत्रकार सम्मेलन | |
| २०८२।०१।२९ | मुल समारोह | बिहान ९ बजे र अन्तराष्ट्रिय सभाहल |
| २०८२।०१।२९ | शोभायात्रा | बिहान ६ ३० बजे ५ न गेट - मायाँदेवी मन्दिर - शान्तिदीप हुदै सभाहल |
| २०८२।०१।२९ | प्राधना तथा ध्यान | बिहान ६ बजे मायाँदेवी मन्दिर |

**तिलौराकोट कपिलवस्तु**

| मिति | कार्यक्रम | समय र स्थान |
| --- | --- | --- |
| २०८२।०१।२७ | रक्तदान कार्यक्रम | बिहान ९ बजे रेडक्रस भवन |
| २०८२।०१।२८ | बुद्ध झाँकी प्रदर्शनी | बेलुकी ६ बजे कुदान कपिलवस्तु |
| २०८२।०१।२९ | शान्ती ध्यानमय यात्रा | बेलुका ६ : ३० बजेतिलौराकोट दरबार |
| २०८२।०१।३० | बुद्ध जयन्ती एबम प्रसुति उत्सव | बिहान ६ बजे मायाँदेवी मन्दिरबाट |
| | शान्तिदीप प्रज्वल | सबै बौद्ध स्थलहरुमा |

**रामग्राम** : लुम्बिनी विकास कोष, रामग्राम नगरपालिकाको सहकार्यमा हुने कार्यक्रमहरु

| मिति | कार्यक्रम | समय र स्थान |
| --- | --- | --- |
| २०८२।०१।२७ | बृहत सरसफाई कार्यक्रम | बिहान ९ बजे स्तुपा र रामग्राम बजार |
| २०८२।०१।२८ | खेलकुद प्रतियोगीता र सभा | पण्डितपुर क्षेत्र रामग्राम दिनभर |
| २०८२।०१।२९ | पण्डितपुर देखि बुद्ध अस्तु यात्रा | बिहान १०: ३० बजे देखि रामग्राम सम्म |
| २०८२।०१।२९ | मुल समारोह तथा पुरस्कार वितरण र मेला | दिउसो १ बजे |
| | शान्ति दीप प्रज्वलन | सांझ ६ बजे रामग्राम स्तुपा पण्डितपुर समग,रामग्राम |

**देवदह क्षेत्रः** लुम्बिनी विकास कोष, देवदह नगरपालिका र स्थानिय सस्थाहरुको संगको सहकार्यमाउ

| मिति | कर्यक्रम | समय र स्थान |
|---|---|---|
| २०८२।०१।२५ | सबै पार्क र पुरातत्वस्थलको सरसफाई अभियान र सजावट | बिहान ७ बजे |
| २०८२।०१।२६ | स्मृति वनवाटिकामा दीपप्रज्वलन | बेलुकी ६ बजे |
| २०८२।०१।२८ | आँखा शिबिर रणअम्बिका अस्पतालको प्राविधिक सहयोगमा | बिहान १० बजेदेखि कोषको भवानीपुर कार्यलय |
| २०८२।०१।२९ | बुद्ध जयन्ती एबम यसोधरा दिवस मुल समारोहको आयोजना | खैरेनी बजारबाट यसोधरा भिक्षुणी बिहार सम्म, समारोह समेत |
| २०८२।०१।२९ | शान्ति रयाली | बिहान ७ बजे खैरेनीबाट |
| | एतिहास देवदहबारे क्यानभास प्रदर्शनी | पाकरी बृक्ष १० बजे बिहान देखि |
| | शान्ति दीप प्रज्वलन | सबै पुरातात्विक स्थल र बौद्ध स्थलहरुमा |